**मुसिकोट नगरपालिका, रुकुम (पश्चिम)**
**को दोस्रो नगर सभाको बैठकमा नगर प्रमुख श्री देवीलाल गौतमवाट प्रस्तुत आर्थिक वर्ष ०७४/७५ को हाल सम्मको संक्षिप्त प्रगति प्रतिवेदन ।**

मुसिकोट नगरपालिकाको दोस्रो नगर सभाको उद्घाटन शत्रका प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख श्री राज कुमार शर्मा ज्यू,
अतिथि, प्रमुख जिल्ला अधिकारीज्यू,
नगर सभाका सदस्य ज्यूहरु,
पत्रकार ज्यूहरु,
कर्मचारी तथा उपस्थित सम्पूर्ण महिला तथा सज्जनवृन्द ।

मुसिकोट नगरपालिकाको नगर सभाको बैठकमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने प्रमुख अतिथिज्यू, अतिथि महानुभावहरु, सम्पूर्ण नगर सभाका सदस्यहरुलाई मुसिकोट नगरपालिकाको तर्फबाट सर्वप्रथम हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

समाज रुपान्तरणको अभियान जनयुद्ध र जनआन्दोलनको क्रममा आफ्नो प्राण वलिदान गर्नुहुने ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछु । साथै सम्पूर्ण शहीद परिवारहरु लगायत लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने क्रममा घाईते हुनु भई शारिरीक तथा मानसिक रुपमा अशक्त हुनु भएका सम्पूर्ण व्यक्तिहरु तथा उहाँहरुका परिवार प्रति हार्दिक सम्मान प्रकट गर्दछु ।

हाम्रो नगरपालिकाको दोस्रो नगर सभा संचालन गर्न पाउदा म गौरवान्वीत भएको छु । नगरपालिकाले स्थानीय जनताको प्रत्यक्ष सहभागितामा छनौट गरिएका विकास निर्माणका कार्यक्रमहरु सञ्चालन गर्ने गरी विकास निर्माण प्रक्रियालाई योजनावद्ध तवरबाट अगाडि बढाइ रहेको छ । नगरपालिकाको कार्यालयवाट जनतालाई प्रवाह गरिने वस्तु र सेवाको वितरणमा जनप्रतिनिधिहरु, विषयगत कार्यालयका इकाईहरु, गैर सरकारी संस्था तथा संचार माध्यम र पत्रकार मित्रहरुबाट हामीलाई प्राप्त भई आएको सृजनात्मक एवं सकारात्मक सहयोग तथा पृष्ठपोषण प्रति आभार ब्यक्त गर्दै आगामी दिनमा सहयोगको निरन्तरता चाहन्छु ।

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

***आदरणीय प्रमुख अतिथिज्यू, अतिथिज्यू तथा उपस्थित नगर सभाका सदस्य महानुभावहरु,***

अब म यस सभामा आर्थिक वर्ष ०७४/७५ को हालसम्मको क्षेत्रगत रुपमा संक्षीप्त प्रगती विवरण प्रस्तुत् गर्ने अनुमति चाहन्छु ।

➢ **<u>प्रशासन तर्फ :</u>**

नगरवासीहरुलाई सम्वन्धित वडा स्तर बाटै ऐन कानूनहरुले दिएको अधिकार क्षेत्र भित्र रही विभिन्न सेवाहरु प्रवाह गर्दै आएका छौं । सेवाग्राहिले पाउने सेवालाई चुस्त, सेवामुखी, पारदर्शि, छिटो छरीतो, सर्वसुल बनाउदै विद्युतिय प्रशासन (e-governance) को पनि थालनि गरी अन्तर्राष्ट्रिय स्तरको प्रशासनिक पद्दति भित्रयाउने प्रयास गरिएको छ ।

सामाजिक सुरक्षा भत्ता पहिलो चौमासिकमा वडाबाटै वितरण गरिनुको साथै सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विवरण वेवसाइटमा प्रकाशित गरि यसै आ.व. देखि सबै वडाहरुको बैकिङ प्रणाली बाट वितरण गर्न प्रक्रिया अगाडि वढाइएको छ । यस आ.व.मा नगर कार्यपालिकाबाट १७ वटा बैठक बसी आर्थिक, सामाजिक, साँस्कृतिक, प्रशासनिक लगायत विभिन्न क्षेत्रमा महत्वपुर्ण निर्णहरु भएका छन । मन्त्रालयले हालै पठाएको संगठन संरचना तथा दरबन्दी तेजरीलाई आधारमानी संगठन संरचना सामान्य परिमार्जन सहित स्वीकृत गरी कार्यालय र कर्मचारी व्यवस्थापन प्रारम्भ गरिएको छ ।

जेष्ठ नागरीक सम्मान कार्यक्रम अन्तर्गत जेष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण गरिएको छ । रु ५ लाख भन्दा बढी रकमका योजनाहरु नगरपालिकाबाट र ५ लाख भन्दा कम रकमका योजनाहरु वडाबाट अनुगमन गर्ने अनिवार्य व्यवस्था मिलाईएको छ । नगर क्षेत्रभित्र बहुक्षेत्रीय पोषण कार्यक्रमहरु सञ्चालन गरिएको छ । नगर क्षेत्र भित्र फोहरमैला व्यवस्थापन गर्ने, ट्राफिक व्यवस्थापन गर्ने, सडक क्षेत्राधिकार खाली गर्ने, वस्ती विकास तथा भवन निर्माण सम्वन्धी मापदण्डलाई कार्यान्वयनमा ल्याइएको छ । यातायात प्रणाली व्यवस्थीत गर्ने, नगर सुरक्षाको लागि आवश्यक पहल गर्ने जस्ता कार्यहरु गरिएका छन् ।

नगपालिकाको वैठकवाट सार्वजनीक सेवा तथा क्षमता विकास समिति, समाजिक विकास समिति, पूर्वाधार विकास समिति, विधेयक निर्माण समिति, आर्थिक विकास समिति र वातावरण तथा विपत व्यवस्थापन समितिहरु गठन भई उल्लेखीत समितिहरु नियमित क्रियाशिल भई आ-आफनो क्षेत्रसंग सम्वन्धीत क्रियाकलापहरु प्रभावकारी रुपमा सम्पादन गरिरहेका छन ।

यस नगरपालिका अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिहरुको विवरण निम्न बमोजिम रहेका छन ।

- जेष्ठ नागरिक : ७९६
- दलित जेष्ठ नागरीक : २४८
- विद्यवा : ९९४

- पूर्ण अपाङ्ग : ४०
- आंशिक अपाङ्ग : ९९
- बालवालिका : ६४२

**जम्मा : २८१९**

## ➢ सडक तथा भौतिक निर्माण तर्फको प्रगति :

यस मुसिकोट नगरपालिका अन्तर्गत चालु आ.व.०७४/७५ मा पूर्वाधार तर्फ कुल योजना : ३४६ रहेकोमा जस मध्ये ८५ प्रतिशत योजनाहरु सम्झौता भई ७५ प्रतिशत भौतिक प्रगति भएको छ । बाकी योजनाहरु कार्यान्वयनमा रहेका छन । जसको प्रगति विवरण निम्न वमोजिम रहेको छ ।

| क.सं. | योजनाको प्रकृति | इकाई | योजना | | |
|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति | बांकी |
| १ | नया सड्क निर्माण | कि.मि. | ४५ | ४२ | ३ |
| २ | सडक स्तरउन्नति | कि.मि. | २६ | २४ | २ |
| ३ | खानेपानी निर्माण | ओटा | १७ | १३ | ४ |
| ४ | खानेपानी मर्मत | ओटा | ३५ | २५ | १० |
| ५ | सिंचाई कुलो निर्माण | मिटर | ३१५० | २५०० | ६५० |
| ६ | सिंचाई कुलो मर्मत | मिटर | २००० | १७०० | ३०० |
| ७ | खेलकुद -फिल्ड निर्माण) | मिटर | ७ | ४ | ३ |
| ८ | शिक्षा(भवन निर्माण, फिल्ड, सौचालय) | ओटा | ४१ | ३० | ११ |
| ९ | लघु जलविद्युत मर्मत | ओटा | ५ | २ | ३ |

मुसिकोट नगरपालिका कम (प्रति)

## ➢ कृषितर्फ :

कृषि इकाई अन्तर्गत यस नगरपालिकामा कृषि प्रसार, भकारो सुधार, बालि विकास, साना सिचाइ, द्धन्द पीडित विशेष कार्यक्रम तथा प्रधानमन्त्री कृषि आधुनिकिकरण प्ररियोजना जस्ता कार्यक्रमहरु संचालन भईरहेका छन । उल्लेखीत कार्यक्रमहरुको वार्षिक कुल बजेट रु ७१,७९,०००। रकम मध्ये जम्मा रु १४,३५,५०० खर्च भएको छ ।

## ➢ न्यायिक समिति तर्फ :

यस मुसिकोट नगरपालिकामा न्यायिक समिति समक्ष जनप्रतिनिधिहरुको वहाली भएको एक वर्षको अवधिमा विभिन्न क्षेत्रका जम्मा ४१ वटा उजुरीहरु दर्ता भएका छन् । जसमध्ये उजुरीको प्रकति हेर्दा सम्वन्ध विच्छेद, बाल विवाह, मुहान दर्ता विवाद, जग्गा खिचौला, धनमाल हराएको, पालन पोषण, कुटपिट, लेनदेन तथा घरेलु हिंसा रहेका छन । मुद्धा फछ्र्योटको प्रकुति हेर्दा मिलापत्रको माध्यमवाट न्यायिक निरुपन हुने सम्वन्ध विच्छेदका ३ वटा मुहान दर्ता विवाद, जग्गा खिचौला, धनमाल हराएको, पालन पोषण, कुटपिट, लेनदेन, १५ वटा गरी १८ वटा मुद्धाहरु न्यायीक समितिवाट फछ्र्योट भएका छन् भने बांकि २३ वटा उजुरीहरु विचाराधिन अवस्थामा रहेका छन् ।

हाल सम्म नगर सभा तथा कार्यपालिकाको वैठकवाट स्वीकृत गरिएको ऐन कानूनहरुको विवरण

| क्र.सं. | ऐनहरुको तर्फ | स्वीकृत मिति |
|---|---|---|
| १ | आर्थिक ऐन, २०७४ | २०७४।३।३१ |
| २ | विनियोजन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ | २०७४।३।३१ |
| ३ | प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ | २०७४।१२।३० |
| ४ | न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ | २०७४।१२।३० |
| ५ | आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ | २०७४।१२।३० |
| ६ | शिक्षा ऐन, २०७४ | २०७४।१२।३० |
| ७ | कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ | २०७४।१२।३० |
| ८ | सहकारी ऐन, २०७४ | २०७४।१२।३० |
| **क्र.सं.** | **नियमावलीहरु तर्फ** | **स्वीकृत मिति** |
| १ | नगर कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ | २०७४।४।३२ |
| २ | नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ | २०७४।४।३२ |

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

| | | |
|---|---|---|
| ३ | शिक्षा नियमावली, २०७४ | २०७४।१२।३० |
| **क्र.सं.** | **नीति तथा कार्यक्रम तर्फ** | **स्वीकृत मिति** |
| १ | आर्थिक वर्ष २०७४/०७५ को नीति, बजेट तथा कार्यक्रम | २०७४।३।३१ |
| **क्र.सं.** | **कार्यविधिहरु** | **स्वीकृत मिति** |
| १ | नगर कार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि, २०७४ | २०७४।४।३२ |
| २ | नगर सभाको बैठक संचालन सम्बन्धी कार्यविधि, २०७४ | २०७४।४।३२ |
| ३ | उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७४ | २०७४।१२।३० |
| ४ | “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ | २०७४।१२।३० |
| ५ | एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७४ | २०७४।१२।३० |
| ६ | टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७४ | २०७४।१२।३० |
| ७ | एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ | २०७४।१२।३० |
| ८ | करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ | २०७४।१२।३० |
| ९ | स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ | २०७४।१२।३० |
| **क्र.सं.** | **निर्देशिका तर्फ** | **स्वीकृत मिति** |
| १ | बजार अनुगमन निर्देशिका, २०७४ | २०७४।१२।३० |
| **क्र.सं.** | **दिग्दर्शन तर्फ** | **स्वीकृत मिति** |
| १ | योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ | २०७४।१२।३० |
| **क्र.सं.** | **आचार संहिता** | **स्वीकृत मिति** |
| १ | पदाधिकारीहरुको आचारसंहिता, २०७४ | २०७४।४।३२ |

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

➢ **पशु इकाई तर्फ :**

यस मुसिकोट नगरपालिकामा पशु सेवा इकाई तर्फ जम्मा बजेट रु ६९,१२,४५० मध्ये २१,५८,०००। खर्च भएको छ । जस अन्तर्गत मासु, दुग्द, अण्डा आत्मनिर्भर कार्यक्रम, जनेचेतना अभिवृद्धि, चरन तथा पशु आहारा कार्यक्रम, पशु प्रजनन् सेवा, पशु स्वास्थ्य कार्यक्रम, पशु सेवा तथा प्रसार कार्यक्रम, पशुपंछी बजार कार्यक्रम र पशु विकास, पोषण कार्यक्रम रहेकाछन ।

➢ **महिला तथा बालबालिका तर्फः**

- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत नगरको सात ठाउंमा कानूनी सचेतना कार्यक्रम सहित रेडियो अन्तरक्रिया कार्यक्रम संचालन गरिएको छ ।
- १०८ औं अन्तर्राष्टिय महिला दिवस, विभिन्न कार्यक्रम गरी भव्य रुपमा सम्पन्न गरिएको छ । यस कार्यक्रमवाट महिलाहरुको क्षमता विकास र सशिक्तिकरणमा टेवा पुगेको छ ।
- नगर स्तरीय बाल सञ्जाल गठन भई क्रियाशिल भैरहेको छ ।
- विशेष कक्षा संचालन भएका ३ वटा विद्यालयहरुमा अपाङ्ग बालबालिकाहरुलाई न्यानो पोशाक वितरण गरिएको ।
- निकृष्ट प्रकारको बालश्रम विरुद्ध वजार अनुगमनका साथै बाल श्रम शोसनमा परेका बालबालीकाहरुलाई उद्धार गरिएको छ ।

➢ **सहकारी तर्फ** :

सहकारी डिभिजन कार्यालय दाङ बाट यस नगरपालिका अर्न्तगत कार्यक्षेत्र भएका २५ वटा सहकारी संस्थाहरु हस्तान्तरण भै आएका छन् । ती हस्तान्तरीत सहकारी संस्थाहरुको नियमित अनुगमन, व्यवस्थापन तथा प्रवर्द्धन कार्यलाई अगाडि बढाउने क्रममा रहेका छौं। यस नगर सभाबाट सहकारी संस्थाहरुलाई व्यवस्थीत रुपमा संचालन गर्न सहकारी ऐन, २०७४ पारित हुँदैछ । निकट भविष्यमै सहकारी क्षेत्रको दर्ता, नवीकरण, नियमन, अनुगमन, प्रवर्द्धन जस्ता कार्यहरु गरिनेछ ।

➢ **स्वास्थ्य तर्फः**

यस मुसिकोट नगरपालिका अर्न्तगत जिल्ला अस्पताल १, स्वास्थ्य चौकी ५, सहरी स्वास्थ्य केन्द्र २, खोप केन्द्र २१, गाउँघर क्लीनिक १२ र महिला स्वास्थ्य स्वयम् सेवकहरु ४७ जना रहेका छन् । खोप कार्यक्रम तर्फ ७५ प्रतिशत, पोषण कार्यक्रम तर्फ ५४ प्रतिशत प्रगति भएको छ । तौल लिएका बालबालिका मध्ये ३ प्रतिशत कुपोषण रहेको जस मध्ये १ प्रतिशत कडा कुपोषण रहेको, श्वास प्रश्वास रोगको प्रकोप प्रति हजारमा १६३ जना निमोनिया नया विरामी दर ४० प्रतिशत, झाडापखाला रोगको प्रकोप दर प्रतिहजारमा ६१ जना, सुरक्षित मातृत्व सेवा गर्भवति जाँच ५१ प्रतिशत, स्थास्थ्य संस्थामा सुत्केरी हुने ५० प्रतिशत, परिवार नियोजन सेवा प्रयोग दर २५ प्रतिशत, गाँउघर किल्निक सञ्चानलन ८९ प्रतिशत, गाउँघर किल्निक बाट सेवा पाएका १८७७ जना रहेका छन भने ३ प्रतिशत जेष्ठ नागरिले स्वाथ्य उपचार सुविधा पाएका छन । स्वास्थ्य क्षेत्रको जम्मा बार्षिक बजेट रु ४०,८६,८००। रहेकोमा जसको खर्च ७२ प्रतिशत रहेको छ ।

**समस्याहरु**

- सबै स्वास्थ्य चौकीहरुमा भवनको अभाव,
- ६ वटा वडामा स्वास्थ्यचौकी नभएको,
- नगरपालिकाको २ वटा वडामा वर्थिङ सेन्टर नभएको,
- पर्याप्त औषधिको अभाव,
- भौतिक संरचना तथा फर्निचरको कमी ।

**उपलब्धीहरु**

- एम्बुलेन्स खरिद,
- भिडियो एक्सरे खरिद,
- ल्याव सेवा सञ्चालनको लागि तयारी अन्तिम चरन पुगेको,
- अस्पताल परिसर भित्र फार्मेसीको व्यवस्था भएको ।

➢ **शिक्षा तर्फ** :

- विद्यालयहरुको समायोजन तथा दरवन्दी मिलान गर्न गृहकार्य गरी प्रतिवेदन तयार गरिएको छ ।
- कक्षा १ देखी ९ सम्म निशुल्क परिक्षा संचालन गरिएको छ ।
- नगर स्तरीय कक्षा ८ को परिक्षा संचालन गरिएको छ ।
- पाठ्य पुस्तकहरु विद्यालयहरुमा निःशुल्क वितरणको प्रवन्ध मिलाइएको छ ।
- विद्यालयहरुमा अनुगमन कार्य प्रारम्भ गरिएको छ ।



मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

## ➢ युवा तथा खेलकुद

- प्रथम नगरकप प्रतियोगिता २ जिल्लाका सवै स्थानीय तहहरुको सहभागितामा भव्य रुपमा सम्पन्न भएको छ ।
- प्रदेश स्तरीय खेलकुदमा विजयी क्रिकेट खेलाडीहरुलाई सम्मान तथा स्वागत कार्यक्रम सम्पन्न गरिएको छ ।
- पापिनी मेला, त्रिवेणी मेला लगायतका विभिन्न वडाहरुमा विभिन्न खेलकुद कार्यक्रम संचालन गरिएको छ ।

## ➢ सुचना प्रविधि तथा अभिलेख व्यवस्थापन तर्फ :

यस मुसिकोट नगरपालिकामा सुचना तथा सञ्चार प्रविधि तर्फ संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रलायद्धारा विनियोजित रकमबाट सुचना प्रविधिको लागि आवश्यक सामाग्री खरिद गरी सञ्चानलमा ल्याइएको छ । साथै नगर पालिकको कार्यालयमा विद्युतीय हाजरीको सुरुवात गरिदैछ ।

## ➢ विपद व्यवस्थापन तर्फ :

प्रथम नगरसभावाटै वातावरण तथा विपद व्यवस्थापन समिति गठन भई क्रियाशिल रहेको छ । विपद व्यवस्थापन कोष स्थापना भई रु १० लाख रकम विनियोजन गरिएको छ । वर्षातको समयमा विपदमा परेकाहरुलाई रु.पांच लाख वरावरको पाइप तथा तार जालीहरुको वितरण गरिएको छ ।

## ➢ लक्षित वर्ग उत्थान कार्यक्रम तर्फ :

चालु आर्थिक वर्षको लक्षित वर्गको स्वीकृत कार्यक्रम अन्तरगत युवा, महिला र दलित तर्फ महिला तथा पुरुष मोटर ड्राईभिङ्ग, हाउस वायरिङ्ग, बेशिक कम्प्यूटर, बेशिक तथा लेवल २ सिलाई कटाई, पशु स्वास्थ्य कार्यकर्ता, मोवाइल मर्मत, सिकर्मी, खरीदारको लोकसेवा तयारी कक्षा, बुटिक र खुकुरी निर्माण तालिम गरी जम्मा २२५ जनाका लागि सीप विकास तालिम संचालन भईरहेको छ । तालिम पश्चात तालिम प्राप्त जनशक्तिलाई व्यवसायीकरण बनाउन पहल गरिनेछ । अपाङ्ग र जनजाती तर्फ विनियोजित रकमबाट लक्षित वर्गलाई प्रत्यक्ष फाईदा पुग्ने खालका कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ । यसै कार्यक्रम अन्तरगत प्रथम नगर कप

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

खेलकुद प्रतियोगिताको शुरुवात गरिएको छ भने कला, संस्कृति संरक्षण तर्फ स्थानीय सिंगारु नाचको भिडियो डकुमेन्ट्री निर्माण गरिएको छ ।

➢ **उद्योग क्षेत्र :**

यस नगरपालिकाले आफ्नो नीति तथा कार्यक्रम अनुसार २ वर्ष मुनीका बालबालीकालाई पोषणयुक्त लिटो वितरण गर्ने उद्देश्य अनुसार नगरले लिटो उद्योग संचालनको लागि सवै कार्य अन्तिम चरनमा पुयाएको छ । घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयवाट उद्यमशिलता विकास तालिम, भगत सर्वजित कार्यक्रम, उद्योग प्रवर्द्धन, सीप विकास तथा स्वरोजगार तालिम, परम्परागत उद्योग प्रवर्द्धन तालिमहरु संचालन गरिएका छन । यस नगर अन्तर्गत विभिन्न सेवामुलक, उत्पादनमुलक र कृषि तथा वनजन्य उद्योग संचालनमा आएका छन । यस नगरको वडा नं. ९ चौखावाङमा मसला उद्योग हाल संचालनमा रहेको छ ।

***आदरणीय प्रमुख अतिथिज्यू, अतिथिज्यू तथा उपस्थित महानुभावहरु,***

अव म यस नगरको आ.व. २०७४/७५को हाल सम्मको वार्षिक विनियोजनको आधारमा वित्तिय प्रगति प्रस्तुत गर्न चाहन्छु ।

| क.स. | कार्यक्रम | कुल वजेट हजारमा | | | कै. |
|---|---|---|---|---|---|
| | | वार्षिक वजेट | हाल खर्च | वांकी | प्रगति प्रतिसत |
| १ | समानीकरण बजेट (चालु तर्फ) | ५३९०६ | १५४७० | ३८४३६ | २८.७० |
| २ | समानीकरण बजेट (पुजिगत तर्फ) | १७८३५० | ६५५४० | ११२८१० | ३६.७५ |
| ३ | स्थानिय शासन तथा सा.वि. का. | १५४५ | ७७१ | ७७४ | ४९.९० |
| ४ | बहुक्षेत्रिय पोषण कार्यक्रम | २४०४ | ६६४ | १७४० | २७.६२ |
| ५ | शिक्षा (शर्सत अनुदान) | ८९१०६ | ८७०६१ | २०४५ | ९७.७० |
| ६ | स्वास्थ्य (शर्सत अनुदान) | ४०८६८ | २९५६० | ११३०८ | ७२.३३ |
| ७ | गरिवसंग विशेश्वर कार्यक्रम | ८५८ | २७५ | ५८३ | ३२.०५ |
| ८ | कृषि (समानीकरण अनुदान) | ७३१४ | ११२८ | ६१८६ | १५.४२ |
| ९ | पशु (समानीकरण अनुदान) | ६५४७ | १३५४ | ५१९३ | २०.६८ |
| ११ | सामाजिक सुरक्षा | ३३६२४ | १२००४ | २१६२० | ३५.७० |
| जम्मा | | **४१७०५२** | **२१३८२७** | **२०३२२५** | ५२.४० |

**प्रमुख अतिथि एवम् उपस्थित महानुभावहरु,**

सुशासनयुक्त, समृद्ध र न्यायपूर्ण नगर निर्माणका लागि सरकारी, गैरसरकारी तथा नीजी क्षेत्रको साझेदारी, सहकार्य र समन्वयात्मक प्रयत्नले नै मानवीय विकासको गन्तव्यमा पुग्न सकिन्छ भन्ने भनाई राख्दै **प्रमुख अतिथि एवम् उपस्थित सम्पूर्ण महानुभावहरुको** यो गरिमामय सहभागिता प्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्तमा, यस दोस्रो नगर सभा सन्चालन गर्न सहयोग पुऱ्याउनु हुने नगरस्थित विषयगत कार्यालयका इकाईहरु, गैर सरकारी संस्था, पत्रकार मित्रहरु, नीजि क्षेत्र, बुद्धिजीवी तथा व्यापारीहरु, विषय विज्ञहरु, नगरपालिकाका कर्मचारी परिवार साथै नगर सभालाई सम्पन्न गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण आदरणीय महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै विदा हुन चाहन्छु ।

धन्यवाद !

मिति :२०७४ चैत्र ३० गते

देवीलाल गौतम
प्रमुख
मुसिकोट नगरपालिका

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

राप्ती अफसेट प्रेसमा नेपाली कागमा छपाई गरिएका
ऐन कानूनहरुको विवरण

| **क्र.सं.** | **ऐनहरुको तर्फ** | **छपाई पाना संख्या** |
|---|---|---|
| १ | आर्थिक ऐन, २०७४ | |
| २ | विनियोजन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ | |
| ३ | प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ | |
| ४ | न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ | |
| ५ | आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ | |
| ६ | शिक्षा ऐन, २०७४ | |
| ७ | कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ | |
| ८ | सहकारी ऐन, २०७४ | |
| **क्र.सं.** | **नियमावलीहरु तर्फ** | |
| १ | नगर कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ | |
| २ | नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ | |

| | | |
|---|---|---|
| ३ | शिक्षा नियमावली, २०७४ | |
| **क्र.सं.** | **नीति तथा कार्यक्रम तर्फ** | |
| १ | आर्थिक वर्ष २०७४/०७५ को नीति, बजेट तथा कार्यक्रम | |
| **क्र.सं.** | **कार्यविधिहरु** | |
| १ | नगर कार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि, २०७४ | |
| २ | नगर सभाको बैठक संचालन सम्बन्धी कार्यविधि, २०७४ | |
| ३ | उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७४ | |
| ४ | “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ | |
| ५ | एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७४ | |
| ६ | टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७४ | |
| ७ | एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ | |
| ८ | करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ | |
| ९ | स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ | |
| **क्र.सं.** | **निर्देशिका तर्फ** | |
| १ | बजार अनुगमन निर्देशिका, २०७४ | |
| **क्र.सं.** | **दिग्दर्शन तर्फ** | |
| १ | योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ | |
| **क्र.सं.** | **आचार संहिता** | |
| १ | पदाधिकारीहरुको आचारसंहिता, २०७४ | |
| **जम्मा पाना संख्या** | | |

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)